यो आकाशवाणी गान्तोक हो
समाचार पारसमणि दङ्गालबाट सुन्नुहोस्।
30.5.2025

## Mangan Accident

बिहिबार बेलुकी 8 बजीतिर उत्तर सिक्किमको मंगन जिल्ला अन्तर्गत मुनसिथाङमा भएको एउटा सडक दुर्घटनामा 9 जना टिस्टा नदीमा बेपत्ता भएका छन्। 10 जना पर्यटक रहेको वाहनमा चालकसहित 11 जना रहेका थिए, जो अनियन्त्रित भई 800 फिट तल टिस्टा नदीमा खसेको थियो। जसमध्ये दुई जनाको उद्धार गरिएको छ। चुङथाङ र लाचेनको बीचमा अवस्थित मुनसिथाङमा स्थानीय प्रशासनले तत्काल राहत तथा उद्धार कार्य शुरु गरेको थियो। उद्धार टोलीको नेतृत्व चुङथाङका महकुमा अधिकारी र एसडीपीओले भारत तिब्बत सीमा पुलिस, सेना, एनडीआरएफ र स्थानीय मानिसहरूको सहयोगमा तत्काल शुरु गरेका थिए।

उद्धार गरिएका घाइते दुई जनाको गान्तोक एसटीएनएम अस्पतालमा उपचार चलिरहेको छ। वाहनमा सवार 5 जना पर्यटक उडिसाका अनि अन्य त्रिपुरा र उत्तर प्रदेशका रहेका थिए।

यसैबीच, आज मंगनका जिल्लापाल आनन्द जैन अनि पुलिस निरीक्षक सोनाम डी भोटियाले दुर्घटना स्थलको भ्रमण गर्दै खोजी तथा उद्धार कार्यको निरीक्षण गर्नुभयो।

मुख्यमन्त्री प्रेमसिंह तामाङले सडक दुर्घटनाप्रति गहिरो दुख व्यक्त गर्नुभएको छ। मुख्यमन्त्रीले पीडित र उनीहरूका परिवारहरूसँग आफ्नो सहानुभूति प्रकट गर्नुभएको छ। सरकारले पीडित र पीडित परिवारहरूलाई सम्भव भएजति सहयोग गर्ने मुख्यमन्त्रीले बताउनुभएको छ।

## Statue of Lord Buddha

राज्यका राज्यपाल ओमप्रकाश माथुरले राजभवनमा एक आध्यमिक कार्यक्रममा भगवान बुद्धको प्रतिमा अनावरण गर्नुभयो। मूर्तिको अनावरण सिक्किम राज्यस्थापनाको 50 औं वर्षको स्वर्णिम यात्रा एवम् पवित्र सागा दावा माहिनाको चौथो दिन गरिएको थियो। यस अवसरमा मुख्यमन्त्री प्रेमसिंह तामाङको पनि विशेष उपस्थिति रहेको थियो। राजभवनमा स्थापित भगवान बुद्धको प्रतिमा आध्यात्मिक शान्तिको प्रतीक मात्र होइन सिक्किमको सांस्कृतिक अनि ऐतिहासिक गौरवको प्रतीक पनि बन्न पुगेको छ।

## Sikkim Vigilance Police

उत्तर सिक्किमको चुङथाङमा महत्वाकांक्षी १२ सय मेगावाटको टिस्टा चरण तीन जलविद्युत परियोजनाको विकासका क्रममा भएको अनियमितताको अनुसन्धानको सम्बन्धमा सिक्किम सतर्कता पुलिसले यसै महिना देशका विभिन्न स्थानमा खोजी अभियान सञ्चालन गरेको छ।

सतर्कता पुलिसले यसै महिनाको २२, २३ र २४ तारिख दिल्ली, हैदराबाद, विशाखापट्टनम, सिलगढी र गान्तोकका धेरै स्थानहरूमा खोजी अभियान सञ्चालन गरेको थियो।

गत 18 मईको दिन ऊर्जा तथा विद्युत विभागका तत्कालीन प्रधान मुख्य अभियान्ता एवम् सचिव, टिस्टा ऊर्जा लिमिटेडका पूर्व अध्यक्ष र एमडी, ठेकेदारहरू, केन्द्र सरकारका अज्ञात अधिकारीहरू र सिक्किम सरकारका अज्ञात कर्मचारीहरू विरुद्ध सिक्किम सतर्कता पुलिसमा एफआईआर दर्ता गरिएपछि सतर्कता पुलिसले अनुसन्धान सुरु गरेको हो।

परियोजनाको विकाससँग सम्बन्धित व्यक्तिहरूको कार्यालय र निवासमा एकैसाथ खोजी अभियान सञ्चालन गरिएको थियो। यस अभियानमा ठूलो संख्यामा आपराधिक कागजपत्रहरू र डिजिटल रेकर्डहरू प्राप्त भएको सिक्किम सतर्कता पुलिसले जनाएको छ।

Krishi Sankalpa Abhiyan

विकसित कृषि सङ्कल्प अभियान 2025 का रूपमा कृषि 2025 का लागि खरिफ-पूर्वको अभियान सिक्किममा पनि सफलतापूर्वक शुभारम्भ गरिएको छ। वैज्ञानिक खेती प्रविधिलाई प्रोत्साहित गर्दै कृषकहरूको जीविकोपार्जनमा सुधार ल्याउन लक्षित 15 दिनको यो कार्यक्रम 29 मईदेखिमा शुरु भएर 12 जूनमा समापन हुनेछ। अभियानको उद्देश्य आइसीएआरका वैज्ञानिक प्रविधिहरूलाई “ल्याब टू ल्याण्ड” दृष्टिकोणका साथ कृषकहरूसम्म पुऱ्याउनु, केन्द्र तथा राज्यका योजना अनि कार्यक्रमबारे कृषकहरूलाई जागरूक गराउनु, सामग्रीहरू वितरण गरी कृषकहरूबाट प्रतिक्रिया प्राप्त गर्नुरहेको छ।

BJP Namchi

भारतीय जनता पार्टीको नाम्ची जिल्लाको एउटा टोलीले आज मल्ली केराबारीमा सेवा सम्पर्क अभियान अन्तर्गत 70 भन्दा धेरै लाभार्थीलाई आयुष्मान भारत कार्ड वितरण गरेको जारी एक प्रेस विज्ञप्तिमा दिइएको छ।

Usha Sharma

आकाशवाणी गान्तोककी वरिष्ठ समाचारवाचिका उषा शर्मा आफ्नो 35 वर्ष लामो सेवापछि सेवानिवृत्त हुनुभएको छ। आकाशवाणी गान्तोकले आज एक कार्यक्रम आयोजना गरी श्रीमती शर्मालाई अभिनन्दन गरी ससम्मान बदाई दिएको छ। कार्यक्रममा क्षेत्र प्रमुख निरज पाण्डे, कार्यक्रम प्रमुख विनोद शर्मा तथा समाचार एकांश प्रमुख मानस प्रतिम शर्माले श्रीमती शर्माको योगदानबारे बताउनु भयो।
स्मरण रहोस् श्रीमती शर्माले सन् 1995 देखि आकाशवाणी गान्तोकका श्रोतालाई आफ्नो सुमधुर स्वरमा समाचारसहित अन्य सूचनामूलक कार्यक्रम प्रस्तुत गर्दै आउनु भएको थियो।

## Amar Subba Marathon

सिक्किमका म्यारथन धावक अमर सुब्बाले हिजो एभरेस्ट बेस क्याम्पमा आयोजित विश्वको सबैभन्दा अग्लो स्थानमा सम्पन्न तेञ्जिङ हिलेरी एभरेस्ट म्यारथन 2025 मा दोस्रो स्थान प्राप्त गरेका छन्। उनले 21 किलोमिटरको दुरी 2 घण्टा 42 मिनेट, 2 सेकेन्टमा पूरा गरेका थिए। उनले यो विजय पचासौं राज्य दिवसको अवसरमा सिक्किमवासीलाई समर्पित गरेका छन्।